# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ ७ गते २०३१ साल

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले श्यापुबेसीमा निर्माण भएको झोलुङ्गे पुललाई पैह्रोबाट बचाउ गर्नको लागि बाग्मती अञ्चल, रसुवा जिल्ला, श्यापुबेसी गाउँ पञ्चायत, वडा नं. ६ मा पर्ने निम्न-लिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व तिब्बत क्षेत्रबाट आएको भोटे कोशी, पश्चिम सिगीपेमाको बारी, उत्तर पासांग फांक्षीको बारी, दक्षिण थां लामाको बारी यति चारकिल्लाभित्रको बिजन मर्के माना।.।५ जाने कलम ३ को जम्मा मर्के बिजन पाथी ।१।७। को जम्मा जग्गा ५–२–।। (पाँच रोपनी दुई आना दुई दाम) को जम्मा मालपोत रु. १।५० (एक रुपैयाँ पचास पैसा) लाग्ने कित्ता।

आज्ञाले–

नारायणप्रसाद अर्जेल

श्री ५ को सरकारको सचिव

632



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

638

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।